# त्रिभुवन विश्वविद्यालय
## मानविकी तथा सामाजिक शास्त्र सङ्काय
## डीनको कार्यालय
### कीर्तिपुर, काठमाडौं

**चलानी नं.** ..................

मितिः- २०८१।१२।१०

**सेमेष्टर प्रणालीमा संचालित स्नातकोत्तर तह MA का समयसीमा कटेका विद्यार्थीहरुको लागि मौका परीक्षाको फाराम भर्ने सम्बन्धी अत्यन्त जरूरी सूचना**

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय डीनको कार्यालयबाट सिमेष्टर प्रणालीमा सञ्चालित स्नातकोत्तर (MA) तहका विभिन्न शैक्षिक कार्यक्रमहरुमा सन् २००७ सालको प्रथम व्याच देखि सन् २०१८ सालको व्याचमा भर्ना भई सिमेष्टरको नियमित तथा आंशिक परीक्षामा सम्मिलित भई सेमेष्टर प्रणाली सञ्चालन विनियम, २०७४ को परिच्छेद ३ को दफा ५ (क) (२) बमोजिमको अध्ययन सम्पन्न गर्न पर्ने अधिकतम समय भुक्तान भईसक्दा समेत पाठ्यक्रम अनुसारको सम्पूर्ण विषय उत्तीर्ण हुन असमर्थ भएका विद्यार्थीहरु मात्र सहभागी हुन पाउने गरी एक पटकको लागि त्रि.वि. प्राज्ञिक परीषदको निर्णयानुसार मौका परीक्षा (Chance Exam) संचालन गरिने भएको हुँदा उक्त परीक्षामा सहभागी हुन चाहने ईच्छुक विद्यार्थीहरुले आ-आफू अध्ययन गरेको विभाग/क्याम्पस/कलेजमा गई (online को व्यवस्था छैन) मौका परीक्षा (Chance Exam) को परीक्षा फाराम भर्न/भराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१) **परीक्षा फाराम भर्ने/भराउने सम्बन्धमा:**

(क) मौका परीक्षा दिने विद्यार्थी स्वंय उपस्थित भई विभाग/क्याम्पस/कलेजहरुको निगरानी तथा निर्देशनमा रही आफ्नो भर्ना व्याच तथा आफूले अध्ययन अध्यापन गरेको पाठ्यक्रम अनुसारको विषय र विषय कोड स्पष्टसँग उल्लेख गरी परीक्षा फाराम भर्नु/भराउनु पर्नेछ ।

(ख) परीक्षा फारामका साथ आफू संलग्न भएको पूर्व परीक्षाको मार्कसिटको प्रतिलिपि समावेश गर्नु पर्नेछ ।

(ग) परीक्षा फाराममा प्रयोगात्मक परीक्षा (भएमा मात्र), फिल्ड वर्क र थेसिस लगायत पाठ्यक्रमले निश्चित गरेका विषयहरु समेत अनिवार्य उल्लेख गर्नु पर्नेछ ।

(घ) त्रि.वि. रजिष्ट्रेसन अनुसार आफ्नो नाम तथा नम्बर स्पष्टसँग भरिएको हुनुपर्नेछ ।

२) **परीक्षा फारामहरु पठाउँदा सम्बन्धित विभाग/क्याम्पस/कलेजहरुले ध्यान दिनु पर्ने कुराहरु:**

(क) प्रत्येक सेमेष्टरको छुट्टाछुट्टै परीक्षा फाराम भराई अलग अलग फाइलमा परीक्षार्थीहरुको नाम नामेसी विषयगत विवरण समेत तयार पारी पठाउनु पर्नेछ ।

(ख) परीक्षा फारामका साथमा अनिवार्य रुपमा परीक्षार्थी अनुसारको एकमुष्ट रकम यस सङ्कायको नेपाल बैकको खातामा दाखिला गरी सक्कल बैक भौचर समेत तोकिएको म्यादभित्र अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

(ग) सम्बन्धित विभाग/क्याम्पस/कलेजहरुले आफ्ना विद्यार्थीहरुले भरेका परीक्षा फारामहरुलाई रुजु गरी प्रमाणित गरी त्रि.वि. नियमानुसार तथा तत्कालिन पाठ्क्रम अनुसार विषयहरु तथा विषयकोड दुरुस्त गरी विवरण सहित पठाउनु पर्नेछ । अन्यथा भई परीक्षा रद्द भए वा ट्रान्स्कृप्ट लिनबाट वञ्चित भएका परीक्षार्थी स्वयं वा सम्बन्धित विभाग/क्याम्पस/कलेज नै जवाफदेही हुनु पर्नेछ ।

# त्रिभुवन विश्वविद्यालय
## मानविकी तथा सामाजिक शास्त्र सङ्काय
## डीनको कार्यालय
कीर्तिपुर, काठमाडौं


**चलानी नं.** ..................

- **परीक्षा फाराम भर्ने समयावधि** : मिति २०८१ साल चैत्र ११ गतेदेखि बैशाख ५ गतेसम्म र उक्त समयावधि पछि दोव्वर दस्तुरमा २०८२ साल बैशाख १० गतेसम्म ।
- **परीक्षा दस्तुर** : प्रति सेमेष्ट प्रति विद्यार्थीले रु.१५००।- (अक्षरेपी एकहजार पाँचसय मात्र) दस्तुर सम्बन्धित क्याम्पसमा बुझाई सम्बन्धित कलेजले परीक्षा फाराम बुझाउने म्याद समाप्त भएको ७ दिनभित्र अनिवार्य रुपमा सम्पूर्ण परीक्षार्थीहरुको एकमुष्ट रकम यस सङ्कायको नेपाल बैकमा रहेको खातामा बुझाई फाराम साथै ल्याई बुझाउनु पर्नेछ ।
- त्रि.वि. नियमानुसार समयसीमा कटिसकेका विद्यार्थीको लागि मात्र मौका परीक्षा हुने भएको हुँदा अन्य विद्यार्थीहरु एवं ग्रेडवृद्धि गर्नको लागि फाराम भर्न पाइने छैन् ।
- परीक्षा केन्द्र काठमाडौमा रहने गरी पछि तोकिनेछ । यसैगरी परीक्षा कार्यतालिका समेत पछि प्रकाशित गरिनेछ ।
- परीक्षा फाराम यस सङ्कायको **Website:** www.tufohss.edu.np बाट Download गरी प्रिन्ट गर्नु पर्नेछ ।

..................

**डा. चिरञ्जीवी आचार्य**
**सहायक डीन**

Faculty of Humanities and Social Sciences
Dean's Office
T.U. Kirtipur